# सभा, समिति र सचिवालयका गतिविधि

## विधायन तथा प्रदेश मामिला समितिको परिचय र क्रियाकलाप

परिचयः

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेशसभा नियमावली बमोजिम आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । प्रदेश सभामा चार (४) वटा विषयगत समितिहरुमध्ये विधायन तथा प्रदेश मामिला समिति एक हो । कानून निर्माणको चरणमा यस समितिलाई अभिन्न अंग मानिन्छ । आफ्नो कार्यक्षेत्र अन्तर्गतका मन्त्रालय लगायत प्रदेश सरकारका अन्य मन्त्रालयहरुले प्रत्यायोजित व्यवस्थापन सम्बन्धीको अधिकार प्रयोग गरी कार्यान्वयनमा ल्याएका कानूनहरु लाई कानून सम्मत भए नभएको समेत हेर्ने अधिकार यस समितिलाई छ । यसैगरी सरकारको निगरानी गरी सरकारलाई थप प्रभावकारी र मर्यादित वनाउनमा यस समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

२. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको अध्यक्षबाट समिति गठन हुन्छ । सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारू, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली, २०७४ ले गरेको छ । समितिमा देहाय बमोजिम ७ जना मा. सदस्यहरु रहनु भएको छः-

| | |
|---|---|
| १. मा. श्री दानसिंह परियार | अध्यक्ष |
| २. मा. श्री चन्द्रबहादुर शाही | सदस्य |
| ३. मा. श्री जीवनबहादुर शाही | सदस्य |
| ४. मा. श्री धर्मराज रेग्मी | सदस्य |
| ५. मा. श्री मिनासिंह रखाल | सदस्य |
| ६. मा. श्री राजु नेपाली | सदस्य |
| ७. मा. श्री विन्दमान विष्ट | सदस्य |

३. **समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो। यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजिम रहेका छन् ।

- आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग, र निकायसंग सम्बन्धित बिधेयकहरूमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

- सरकारद्वारा समय समयमा गठन हुने छानबिन आयोग । समिति र जाँचबुझ आयोग । समितिद्वारा प्रस्तुतप्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमाआवश्यक निर्देशन दिने ।
- प्रदेश लोक सेवा आयोगसम्बन्धी कार्यहरूको अनुगमन मूल्याङ्कन गर्ने ।

**४. समितिको सचिवालयः**

प्रदेश सभा सचिवालय अन्तर्गत विधायन तथा प्रदेश मामिला समितिको सचिवालय रहेको छ । यस समितिमा प्रदेश सभा सचिवालयले तोकेका कर्मचारीहरु हुने र प्रदेश सभा सचिवालयले नै एक जना अधिकृत स्तरको कर्माचारी लाई समिति सचिव र अन्य सहायक कर्मचारीहरु लाई समिति सचिवालयको कामकाज गर्न को लागी तोक्ने व्यवस्था भएबमोजिम यस समितिमा तपसिल बमोजिमको कर्मचारीहरु कार्यरत रहेका छन्ः

| क.सं. | कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १. | श्री शर्मिला विश्वकर्मा | समिति सचिव |
| २. | श्री कल्पना गौली | सहायक कर्मचारी |
| ३. | श्री सदामसिंह राठौर | सहायक कर्मचारी |
| ४. | श्री गंगाप्रसाद अधिकारी | सहयोगी कर्मचारी |

**५. समितिको कार्य क्षेत्रः**

विधायन तथा प्रदेश मामिला समितिको क्षेत्रभित्र निम्न बमोजिमका मंत्रालयहरु र सो अन्तर्गतका विभाग तथा निकायहरु पर्दछन् :

- **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य निकायहरुः**
- **आन्तरिक मामिला तथा कानून मन्त्रालय**
- **प्रदेश लोक सेवा आयोग**

**६. समितिको बैठकः**

प्रथम बैठकः २०७५ बैशाख १७ गते

अन्तिम बैठकः २०७७ पुस ०५ गते,

हालसम्म सम्पन्न भएका बैठक संख्याः ३२ वटा ।

७. **समितिले गरेका कामकारवाहीहरूः**

- प्रदेशमा कोरोना भाईरसको बढदो स्थिति र संक्रमित संख्या एंव आईसोलेसन र क्वारेन्टिनमा रहेकाहरूको जोखिमको अवस्थाको बारेमा सामाजिक विकास मन्त्री मा. दल रावलसँग कोभिड-१९ विरुद्धको प्रतिकार्य, परिक्षण र चिकित्सकहरूको व्यवस्था बारे छलफल गरी जोखिम बढेको क्षेत्रमा स्वास्थ्यकर्मी खटाउने र परिक्षणको दायरा बढाउने, सम्भावित जोखिम न्यूनिकरण गर्ने, स्वास्थ्य सेवा र सामाग्रीको तयारी गर्ने बारे सुझाव दिइएको ।
- समितिको कार्यक्षेत्रबमोजिम सरकारले प्रत्यायोजित व्यवस्थापनको अधिकार प्रयोग गरी बनाएका विभिन्न नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड माथि अध्ययन तथा छलफल गरी कानून बमोजिम नबनेका कानूनलाई कानूनको अधिनमा रहि निर्माण गर्न निर्देशन दिइएको ।
- कर्णाली प्रदेश पर्यटन बोर्डको नाममा कुनै पनि कामकारबाही नगर्नु, नगराउनु, कुनै आर्थिक एवं अन्य दायित्व भए सो समेत प्रचलित कानूनबमोजिम मन्त्रालय/प्रदेश सरकार र प्रदेश संचित कोषमा फर्काउन प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका नाममा समितिको बैठकले निर्देशन दिइएको ।
- समितिले कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई कार्यविधि निर्माण गर्दा समितिको निर्देशन बमोजिम गर्ने निर्देशन दिइएको ।
- अनुदान सम्बन्धी कार्यविधिहरूमा देखिने त्रुटिले अनुदान छनौट गर्दा लक्षित वर्गमा नपुग्ने र पहुँच हुनेहरूले मात्रै अनुदान पाउने स्थिति देखा पर्न जान्छ । हाल मन्त्रालयका कयौं अनुदानमा यस्तै प्रकारका प्रश्नहरू उठिरहेको बारे समितिको गम्भिर ध्यानाकर्षण भएको छ । आगामी दिनमा त्यस्ता अनुदान निष्पक्ष, पारदर्शी र लक्षित समुदाय/वर्ग केन्द्रित गर्ने र अनुदानका आयोजनाहरूको अनुगमन गर्न उपर्युक्त कानून निर्माण गरि सो को आधारमा संयन्त्रको व्यवस्था गर्नु, र अनुदानको उपलब्धी बारे मन्त्रालयले वार्षिक प्रतिवेदन बनाएर प्रदेश सरकार र प्रदेश सभामा पेश गर्नु पर्ने भनि निर्देशन दिइएको ।

## ८. समितिमा दफावार छलफल भै पारित भएका विधेयकहरुः

- कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी कानून तर्जूमा गर्न बनेको विधेयक, २०७५
- गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५
- जिल्ला सभा सञ्चालनको निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सार्वजनिक प्रशारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६